"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार । सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार" ।।

# गौर नगरपालिका
## GAUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Municipal Executive
गौर, रौतहट
Gaur, Rautahat
प्रदेश नं.२, नेपाल
Province No. 2, Nepal

गौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौर, रौतहट २ नं प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.:- २०७..६/२०७..७
चलानी नं./Dispatch No.:- ९८४०

मिति/Date:- २०७६/११/११

**विषयःसडक अधिकार क्षेत्र भित्रको जग्गा खाली गर्ने सम्वन्धमा।**

उपर्युक्त विषयमा नेपाल सरकारबाट चन्द्रनिगाहपुर-गौर सहायक राजमार्गको अधिकार क्षेत्र सडकको केन्द्र बिन्दुबाट ५०-५० फिट दायाँ बायाँ तोकिएको र सो अधिकार क्षेत्र भित्र कसैले पनि घर/टहरा/गोठ/पसल वा अन्य कुनै प्रकारको संरचना निर्माण गर्न नपाईने व्यवस्था भएकोमा सो सीमा रेखामा सडक डिभिजन कार्यालयबाट उक्त सडक खण्डको गौर-३ स्थित सिंचाई कार्यालयको पश्चिमी पर्खाल देखि वि.पि.चौक हुदै पोखरिया टोल जाने बाटोमा तथा गौर-५ स्थित रेडक्रस भवन देखि गुप्ता पेट्रोल पम्प सम्म पक्की नाला निर्माण हुने भएकोले उक्त सडक खण्डमा पर्ने घर/टहरा/गोठ/पसल वा अन्य कुनै प्रकारको संरचना भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्वन्धित धनीले आफ्नै खर्चमा हटाई/उठाई ले जानु हुन स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४५ को उपदफा ३ बमोजिम यो आदेश जारी गरिएको छ। यस सूचना बमोजिम म्याद भित्र नहटाए/नउठाए नगरपालिका आफैंले हटाउने/उठाउने र त्यसरी हटाउदा/उठाउदा लागेको खर्च स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४५ को उपदफा ४ बमोजिम सम्बन्धित धनीबाट असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

११/११/७६

अजय कुमार गुप्ता
नगर प्रमुख
गौर नगरपालिका,रौतहट

फोन नं. :-०५५-५२०२९४ (नगर प्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३३४ (वारुण यन्त्र)
१६६०५५५२००२ (टोल फ्री नं.), Ext. ४००३-प्रमुख प्रशासकीय अधिकृत,
www.gaurmun.gov.np. Email :-gaurnapa@gmail.com